
जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रवर्द्धनको गुरु
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक ३२२ • २०८३ भदौ २५ गते विहिवार • 10 Sep. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# एकडारा गाउँपालिका-६ मा गाउँ ब्लकअन्तर्गतको जग्गाको लालपुर्जा वितरण



**मो. इर्शाद**
**महोत्तरी, २४ भदौ**

महोत्तरीको एकडारा गाउँपालिका-६ मा गाउँ ब्लकअन्तर्गतको जग्गाको लालपुर्जा वितरण गरिएको छ।

साविक कोल्हुवा बगेया गाविसका वडा नम्बर ५, ६, ७ र ८ अन्तर्गतका २७५ जना जग्गाधनीलाई लालपुर्जा वितरण गरिएको हो । लामो समयदेखि जग्गा भोगचलन गर्दै आए पनि कानुनी स्वामित्वको प्रमाणपत्र नपाएका स्थानीयवासीलाई लालपुर्जा उपलब्ध गराइएपछि उनीहरू खुसी भएका छन् ।

लालपुर्जा वितरण कार्यक्रममा संघीय सांसदहरू दीपक साह, उज्ज्वल झा, प्रदेश सांसद सुरिता साहलगायत जनप्रतिनिधि तथा स्थानीयको उपस्थिति थियो । कार्यक्रममा बोल्दै संघीय सांसद दीपक साहले वर्षौंदेखि जग्गा भोगचलन गर्दै आएका नागरिकलाई लालपुर्जा उपलब्ध गराउनु राज्यको महत्वपूर्ण दायित्व भएको बताए।

उनले लालपुर्जा प्राप्त भएपछि स्थानीयवासीको जग्गामाथिको कानुनी अधिकार थप सुरक्षित हुने उल्लेख गर्दै बाँकी समस्याको समाधानका लागि पनि पहल गर्ने प्रतिबद्धता जनाए । त्यस्तै, सांसद उज्ज्वल झाले गाउँ ब्लकको जग्गा व्यवस्थापनको कामले स्थानीयको वर्षौंदेखिको समस्या समाधान भएको बताए । उनले लालपुर्जा वितरणसँगै नागरिकले आफ्नो सम्पत्तिको कानुनी सुरक्षा पाउने र आवश्यक परेको अवस्थामा त्यसको उपयोग गर्न सहज हुने धारणा राखे ।

प्रदेश सांसद सुरिता साहले लालपुर्जा प्राप्त गर्नु स्थानीय नागरिकका लागि ठूलो उपलब्धि भएको बताइन् । उनले अझै पनि जग्गासम्बन्धी समस्या रहेका नागरिकको पहिचान गरी प्रक्रिया अघि बढाउन सम्बन्धित निकायबीच समन्वय आवश्यक रहेको बताइन् । महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले गाउँ ब्लकको जग्गालाई कानुनी स्वामित्व प्रदान गर्ने प्रक्रिया नागरिकको हितसँग प्रत्यक्ष जोडिएको विषय भएको बताए ।

उनले प्राप्त प्रमाण र आवश्यक प्रक्रिया पूरा भएका जग्गाधनीलाई नियमानुसार लालपुर्जा वितरण गर्ने कार्यलाई प्रशासनले प्राथमिकताका साथ सहजीकरण गर्दै आएको उल्लेख गरे । प्रजिअ यादवले जग्गाको लालपुर्जा पाएपछि त्यसको संरक्षण, अभिलेख व्यवस्थापन र कानुनी प्रक्रियाको पालना गर्न सम्बन्धित जग्गाधनीलाई आग्रहसमेत गरे ।

लालपुर्जा वितरण कार्यक्रममा स्थानीय जनप्रतिनिधि, प्रशासन तथा सम्बन्धित कार्यालयका कर्मचारीको सहभागिता रहेको थियो । लामो समयदेखि गाउँ ब्लकको जग्गाको स्वामित्व प्रमाणपत्रको प्रतीक्षामा रहेका स्थानीयले लालपुर्जा पाएसँगै आफूहरूको वर्षौंदेखिको समस्या समाधान भएको प्रतिक्रिया दिए ।

# निजी विद्यालयका छाता संगठनहरूद्वारा नगर प्रमुखको ध्यानाकर्षण

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २४ भदौ**



जनकपुरधाम उपमहानगरपालिकाभित्र सञ्चालित संस्थागत विद्यालयका विभिन्न समस्या तत्काल समाधान गर्न निजी विद्यालयका छाता संगठनहरूले नगर प्रमुखको ध्यानाकर्षण गराएका छन् ।

संस्थागत विद्यालयका प्रतिनिधिहरूले प्रमुख प्रशासकीय अधिकृत ज्ञानहरि घिमिरेलाई ध्यानाकर्षण पत्र बुझाउँदै शैक्षिक हबका रूपमा स्थापित जनकपुरधाममा शैक्षिक वातावरणलाई थप व्यवस्थित, गुणस्तरीय र प्रभावकारी बनाउन स्थानीय सरकारको भूमिका महत्वपूर्ण रहेको बताएका छन् ।

उनीहरूले उपमहानगरपालिकाले शिक्षाको क्षेत्रमा विभिन्न पहल र कार्यक्रम अघि बढाएको देखिए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको भन्दै तत्काल आवश्यक प्रक्रिया अघि बढाउन माग गरेका छन् ।

ध्यानाकर्षण पत्रमा अघिल्लो कक्षा सञ्चालनका लागि अनुमति माग गरेका विद्यालयलाई चैत मसान्तभित्र अनुमति प्रदान गरी त्यसको विवरण सार्वजनिक गर्नुपर्ने माग गरिएको छ ।

त्यस्तै, स्थानीय विषय लागू गरिए पनि हालसम्म पाठ्यपुस्तक उपलब्ध हुन नसकेको भन्दै तत्काल पुस्तक उपलब्ध गराउन आग्रह गरिएको एनप्याबसनका जनकपुरधाम नगर अध्यक्ष दिपक ठाकुरले बताए । संस्थागत विद्यालयका लागि शुल्क निर्धारण गरिए पनि प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको भन्दै शुल्कसम्बन्धी निर्णयलाई व्यवहारमा लागू गर्नुपर्ने आफुहरूको माग रहेको उनले बताए । साथै, संस्थागत विद्यालयहरूको अनुगमन गरी वर्गीकरण गर्नुपर्ने व्यवस्था भए पनि हालसम्म वर्गीकरण हुन नसकेकोप्रति पनि संगठनहरूले प्रश्न उठाएका छन् ।

अनुमति वा दर्ताबिनै सञ्चालनमा रहेका विद्यालयलाई अविलम्ब बन्द गर्नुपर्ने तथा अनुमति लिएर पनि सञ्चालनमा नरहेका विद्यालयको यकिन गरी आवश्यक प्रक्रिया पूरा गरेर अनुमति खारेज गर्नुपर्ने मागसमेत ध्यानाकर्षण पत्रमा उल्लेख छ। निजी विद्यालयका छाता संगठनहरूले जनकपुरधामको शैक्षिक क्षेत्रलाई व्यवस्थित बनाउन समस्या समाधानका लागि उपमहानगरपालिकाले तत्काल ठोस कदम चाल्नुपर्ने बताएका छन् । उनीहरूले ध्यानाकर्षण पत्रमा उल्लेख गरिएका विषयलाई प्राथमिकताका साथ कार्यान्वयन गर्न नगर नेतृत्वसँग आग्रह गरेका छन् ।

# राहत तथा उद्धारमा सहयोग

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २४ भदौ**

रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धारमा सहयोग पुऱ्याउने उद्देश्यले जनकपुरधाम वन प्राविधिक समाजले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ६१ हजार ५ सय रुपैयाँ सहयोग गरेको छ । समाजमा आबद्ध व्यक्तिहरूबाट स्वेच्छिक रूपमा रकम संकलन गरी उक्त सहयोग रकम कोषमा जम्मा गरिएको समाजले जनाएको छ ।

विपद्को कठिन परिस्थितिमा पीडित परिवारलाई राहत उपलब्ध गराउन आफूहरूले सकेको योगदान गरेको समाजको भनाइ छ। समाजले बाढीपीडितको पीडामा सबैले आ-आफ्नो क्षमता र सामर्थ्यअनुसार सहयोग गर्न समेत अपिल गरेको छ ।






# बेपत्ताको पीडा अनिश्चित

विपत्ति आउँदा हामी सबैभन्दा पहिले संख्या खोज्छौं। कति जनाको मृत्यु भयो ? कति जना घाइते भए ? कति घर बगे ? कति परिवार विस्थापित भए ? कति जना बेपत्ता छन् ? समाचारका शीर्षकमा संख्या आउँछ । सरकारी निकायले विवरण सार्वजनिक गर्छ । दिन बित्दै जाँदा तथ्यांक फेरिन्छन् । कतै नयाँ नाम थपिन्छन्, कतै सम्पर्कविहीन भनिएका मानिसहरू सुरक्षित भेटिन्छ । कतिपयको अवस्था भने लामो समयसम्म अज्ञात रहन्छन् । तर एउटा प्रश्न यथावत् रहन्छ, तथ्यांकमा नआएका मानिसहरू कहाँ छ ? अहिले देशले भोगिरहेको विपत्तिले यही प्रश्नलाई अझ गम्भीर बनाएको देखिन्छ । बाढी, पहिरो र नदीको कटानले धेरैको घरबार उजाडेको देखिन्छ । करोडौंको सम्पत्ति क्षति भएको देखिन्छ । सडक, पुल, विद्युत् र अन्य भौतिक संरचनामा ठूलो क्षति पुगेको देखिन्छ । तर भौतिक क्षतिको मूल्यांकन गर्न सकिए पनि मानवीय क्षतिको वास्तविक गहिराइ अंकमा मात्रै मापन गर्न सकिँदैन । घर फेरि बनाउन सकिन्छ । सडक फेरि बनाउन सकिन्छन । पुल फेरि जोड्न सकिन्छन । तर गुमेको जीवन फर्काउन सकिँदैन । अझ पीडादायी अवस्था त त्यो हो, जहाँ परिवारले आफ्नो मान्छे जीवित छ कि छैन भन्ने पनि थाहा पाउन सकेको छैन् । परिवारलाई त्यो खबरले जीवनभरको घाउ दिन्छ । तर कम्तीमा एउटा निश्चितता हुन्छ । अन्तिम संस्कार गर्न सकिन्छ । आफन्तले अन्तिम पटक अनुहार हेर्न पाउँछ । आँसुका साथ भए पनि एउटा सत्य स्वीकार गर्न सकिन्छ । तर बेपत्ताको पीडा अनिश्चित हुन्छ ।

# नेपाली कांग्रेस वडा कार्यसमितिद्वारा राहत तथा उद्धारका लागि आर्थिक सहयोग

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २४ भदौ**

रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीबाट भएको ठूलो जनधनको क्षतिप्रति दु:ख व्यक्त गर्दै जनकपुरधाम उपमहानगरपालिका-७ नेपाली कांग्रेस वडा कार्यसमितिले राहत तथा उद्धारका लागि आर्थिक सहयोग गरेको छ ।



विपद्को कठिन परिस्थितिमा बाढीपीडितको राहत तथा उद्धार कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले वडा कार्यसमितिले प्रधानमन्त्री सहायता कोषमा ५१ हजार रुपैयाँ सहयोग गरेको हो । समितिले बुधबार सहयोग रकम उपलब्ध गराएको जनाएको छ ।

वडा कार्यसमितिका सभापति श्याम साहले विपद्का बेला पीडितको साथमा उभिनु सबैको साझा दायित्व भएको बताए । त्यस्तै, वडाध्यक्ष निरज कुमार साह 'मुन्ना'ले भोटेकोशी बाढीबाट प्रभावित परिवारलाई तत्काल राहत उपलब्ध गराउनुका साथै पुन:स्थापनाका लागि पनि राज्य र समाजका सबै पक्षले आ-आफ्नो ठाउँबाट सहयोग गर्नुपर्ने धारणा राखे । उनले भने, 'विपद् कसैमाथि पनि आउन सक्छ । यस्तो दु:खद् अवस्थामा पीडित परिवारलाई सहयोग गर्नु मानवीय कर्तव्य हो ।

हाम्रो सानो सहयोगले पनि राहत तथा उद्धारमा केही योगदान पुग्ने विश्वास लिएका छौं ।' वडा समितिले विपद्को समयमा सहयोग र एकताको भावना अझ बलियो बनाउन स्थानीय तहदेखि नागरिक समाज र राजनीतिक दलसम्म सबैलाई राहत तथा उद्धार अभियानमा जुट्न आग्रहसमेत गरेको छ ।

# फरार रहेका एक व्यक्ति ललितपुरबाट पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, २४ भदौ**

प्रहरी कर्मचारीमाथि कुटपिट गरी घाइते बनाएको तथा प्रहरीको मोटरसाइकल तोडफोड गरेको आरोपमा फरार रहेका एक व्यक्ति ललितपुरबाट पक्राउ परेका छन् । पक्राउ पर्नेमा सर्लाहीको कविलासी नगरपालिका-१० सलेमपुरका ५० वर्षीय अशोक कुमार यादव रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीको टोलीले जिल्ला प्रहरी परिसर ललितपुरको सहयोगमा यादवलाई ललितपुर महानगरपालिका-२३ धापाखेलबाट पक्राउ गरेको हो । प्रहरीका अनुसार गत जेठ २५ गते कविलासी नगरपालिका-८ अगर्वामा ड्युटीमा खटिएका प्रहरी कर्मचारीमाथि यादवसहितका व्यक्तिहरूले कुटपिट गरेका थिए ।

कुटपिटबाट केही प्रहरी कर्मचारी घाइते भएका थिए भने उनीहरूले नेपाल प्रहरीको मोटरसाइकलसमेत तोडफोड गरी फरार भएका थिए ।

यादवलाई पक्राउ गरेपछि सर्लाही जिल्ला अदालतबाट कुटपिट तथा अङ्गभङ्गसम्बन्धी कसुरमा म्याद थप अनुमति लिई जिल्ला प्रहरी कार्यालय सर्लाहीको हिरासतमा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । प्रहरीमाथि कुटपिट र सवारीसाधन तोडफोड गरेको घटनामा उनीविरुद्ध आपराधिक उपद्रवसम्बन्धी कसुरमा समेत अनुसन्धान भइरहेको छ । प्रहरीका अनुसार यादव यसअघि पनि राज्यविरुद्धको कसुर, चोरी, केही सार्वजनिक अपराध, ज्यान मार्ने उद्योग, सार्वजनिक शान्तिविरुद्धको कसुर, आपराधिक प्रवेश तथा पराधिक उपद्रवलगायत विभिन्न ११ वटा कसुरमा अनुसन्धानमा परिसकेका व्यक्ति हुन् । प्रहरीले घटनामा संलग्न अन्य व्यक्तिहरूबारे समेत आवश्यक अनुसन्धान भइरहेको जनाएको छ ।




## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन बिमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**मुखियापट्टी मुसहरनियाँ गाउँपालिका कार्यालय**
**धनुषा, मधेश प्रदेश**


## तपाईको टुडे

मेष: मनमा पछुतो आउने
वृष: मित्रतामा फाटो आउने
मिथून: विचार गरेर बोल्नुहोला
कर्कट: अशुभ समाचार प्राप्त हुने
सिंह: अनावश्यक चिन्ता
कन्या: लामो यात्राको योग छ
तुला: पढाईमा ध्यान दिनुपर्ने
वृश्चिक: आम्दानी हुने
धनु: खानपानमा समस्या आउने
मकर: पिछडेको साथी मिल्ने
कूम्भ: अनावश्यक खर्चको संभावना
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# दक्षिण कोरियामा विद्यालय हिंसा १३ वर्षयताकै उच्च



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २४ भदौ**

डिजिटल उपकरणको बढ्दो प्रयोग, सामाजिक दूरी र कोभिड-१९ महामारी पछिको आक्रामक व्यवहारका कारण दक्षिण कोरियामा विद्यालय हिंसाका घटना कीर्तिमानीस्तरमा पुगेका छन् ।

शिक्षा मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार, कक्षा ४ देखि हाईस्कुलको अन्तिम वर्षसम्मका करिब ३९ लाख विद्यार्थीमा गरिएको विद्यालय हिंसासम्बन्धी सर्वेक्षणमा सन् २०२६ मा हिंसाको सिकार हुने विद्यार्थीको दर दुई दशमलव नौ प्रतिशत पुगेको छ । यो अघिल्लो वर्षको तुलनामा शून्य दशमलव चार प्रतिशतले बढी हो । शिक्षा मन्त्रालयले सन् २०१३ देखि विद्यालय हिंसासम्बन्धी तथ्याङ्क सङ्कलन गर्न थालेयता यो सबैभन्दा उच्च दर हो । यसको अर्थ प्राथमिक, निम्न माध्यमिक र उच्च माध्यमिक तहका प्रत्येक १०० विद्यार्थीमध्ये करिब तीन जनाले विद्यालय हिंसाको अनुभव गरेको देखिन्छ । वर्षमा कम्तीमा दुई पटक सञ्चालन हुने अनलाइन सर्वेक्षणको यस वर्षको पहिलो चरणमा ८१ दशमलव नौ प्रतिशत अर्थात् करिब ३१ लाख ९० हजार विद्यार्थी सहभागी भएका थिए । यो सहभागिता दर गत वर्षको तुलनामा शून्य दशमलव तीन प्रतिशतले कम हो । सर्वेक्षणले सन् २०२५ को दोस्रो सत्रदेखि मे २०२६ सम्म भएका विद्यालय हिंसाका घटनालाई समेटेको थियो । महामारीपछि विद्यालय सामान्य अवस्थामा फर्किएसँगै विद्यालय हिंसाका घटना निरन्तर बढ्दै गएको तथ्याङ्कले देखाएको छ । सन् २०१९ मा एक दशमलव ६ प्रतिशत रहेको हिंसाको सिकार हुने विद्यार्थीको दर दूरशिक्षाका कारण सन् २०२० मा घटेर शून्य दशमलव नौ प्रतिशतमा पुगेको थियो । त्यसपछि भने यो दर क्रमशः बढ्दै सन् २०२१ मा एक दशमलव एक प्रतिशत, २०२२ मा एक दशमलव सात प्रतिशत, २०२३ मा एक दशमलव नौ प्रतिशत, २०२४ मा दुई दशमलव एक प्रतिशत र २०२५ मा दुई दशमलव पाँच प्रतिशत पुगेको थियो । विशेषज्ञले यी तथ्याङ्कले महामारीको दीर्घकालीन सामाजिक प्रभावलाई पनि उजागर गरेको बताएका छन् । लामो समयसम्म अरूसँग प्रत्यक्ष सम्पर्क कम हुनु र डिजिटल उपकरणमा बढेको निर्भरताले विद्यार्थीको द्वन्द्व समाधान गर्ने क्षमता कमजोर बनाएको तथा कक्षाकोठामा आक्रामक व्यवहार बढाएको उनीहरूको भनाइ छ । "डिजिटल उपकरणको दैनिक प्रयोग बढ्दै जाँदा किशोरकिशोरीमा अरूसँग प्रत्यक्ष वा आमनेसामने सम्बन्ध विकास गर्ने अनुभवको कमी देखिएको छ र उनीहरूको समानुभूति पनि कमजोर हुँदै गएको छ," सर्वेक्षण सञ्चालन तथा विश्लेषण गर्ने नेसनल युथ पोलिसी इन्स्टिच्युटकी वरिष्ठ अनुसन्धानकर्ता सुङ युन-सुकले भने ।

# चेक बाउन्स मामिलामा राजपाललाई सर्वोच्चको अन्तरिम राहत

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २४ भदौ**



चेक बाउन्ससँग सम्बन्धित सातवटा मुद्दामा भारतको सर्वोच्च अदालतले बलिउड अभिनेता राजपाल नवरंग यादवलाई अन्तरिम राहत दिएको छ । अदालतले उनलाई आत्मसमर्पण गरेर जेल जानुपर्ने अवस्थाबाट तत्कालका लागि छुट दिएको हो । तर यो राहत सर्तसहित दिइएको छ ।

सर्वोच्च अदालतले राजपाल यादवलाई बुधबारसम्म अदालतको रजिस्ट्रीमा ५ करोड भारु जम्मा गर्न आदेश दिएको छ । मुद्दाको अर्को सुनुवाइ सेप्टेम्बर १५ मा हुँदैछ । प्रधानन्यायाधीश सूर्यकान्तको अध्यक्षतामा रहेको तीन सदस्यीय इजलासले यादवको याचिकामा नोटिस जारी गरेको छ। उनले दिल्ली उच्च अदालतले १० जुलाई २०२६ मा गरेको फैसलालाई चुनौती दिएका छन्। उच्च अदालतले यसअघि उनको सजाय कायम राखेको थियो ।

यो विवाद सन् २०१० को हो। 'अता पता लापता' फिल्म बनाउन मुरली प्रोजेक्ट्स प्राइभेट लिमिटेडले राजपाल यादव, उनकी पत्नी र उनको फिल्म निर्माण कम्पनीलाई करिब ५ करोड रुपैयाँ दिएको थियो । फिल्म प्रदर्शनमा ढिलाइ भएपछि रकम फिर्ता गर्ने विषयमा दुवै पक्षबीच विभिन्न सम्झौता भएका थिए ।

पछि कम्पनीलाई दिइएका सातवटा चेक बैंकमा बाउन्स भएपछि मुरली प्रोजेक्ट्सले नेगोसेबल इन्स्ट्रुमेन्ट्स एक्टको धारा १३८ अन्तर्गत सात छुट्टाछुट्टै उजुरी दर्ता गरेको थियो । ट्रायल कोर्टले अप्रिल २०१८ मा राजपाल यादवलाई सातवटै मुद्दामा दोषी ठहर गरेको थियो । सन् २०२४ मा सेसन कोर्टले पनि उक्त सजाय कायम राखेको थियो । उनलाई तीन महिनाको जेल सजायका साथै प्रत्येक मुद्दामा १ करोड ३५ लाख भारतीय रुपैयाँ जरिवाना सुनाइएको थियो । त्यसपछि १० जुलाई २०२६ मा दिल्ली उच्च अदालतले पनि सजायमा हस्तक्षेप गर्न अस्वीकार गरेको थियो । उच्च अदालतले राजपाल यादवले पटक-पटक रकम भुक्तानी गर्ने आश्वासन दिए पनि त्यसलाई पूरा नगरेको बताएको थियो । सर्वोच्च अदालतमा दायर याचिकामा राजपाल यादवको तर्फबाट सन् २०१३ को अप्रिलमा दुवै पक्षबीच करिब १० करोड ४० लाख भारतीय रुपैयाँमा सम्झौता भएको दाबी गरिएको छ ।

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**लोहारपट्टी नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**रामगोपालपुर नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**महोत्तरी गाउंपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**बलवा नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

# जेन-जीक नारा नैइ, मिथिलाक नवपीढ़ीक निर्माण चाही:

**-मुरली मनोहर मिश्र**

आइकल सार्वजनिक विमर्शमे 'जेन-जी' शब्द एतेक प्रचलित भऽ गेल अछि जे कखनो-कखनो एजन लागैत अछि मानू एहि सँ पहिने समाजमे कोनो पीढ़ी युवा भेलहि नैइ छल ! मुदा जनकपुरधामक गल्ली, मिथिलाक इतिहास आ अपन सभ्यताक हजार वर्षक यात्रा एहि धारणाकेँ सहजहि खण्डित करैत अछि । राजा जनकक समय हो, विद्यापतिक युग हो, स्वाधीनताक आन्दोलन हो वा आधुनिक लोकतान्त्रिक संघर्ष, प्रत्येक युगमे मिथिलाक युवा अपन समयक प्रश्नसँ टकराइत रहल अछि। कोनो पीढ़ी बूढ़ भऽ कऽ जन्म नहि लैत अछि। प्रत्येक पीढ़ी युवा होइत अछि, संघर्ष करैत अछि, सीखैत अछि, गलती करैत अछि, समाजकेँ बुझैत अछि आ अन्ततः अपन अगिला पीढ़ीक लेल रास्ता छोडि जाइत अछि । तँ आइ 'जेन-जी'क नाम पर जे राजनीतिक आ सामाजिक उत्साह देखाइ पडि रहल अछि, तकर समीक्षा आवश्यक अछि ।

१. जनकपुरक युवासँ पहिने सेहो युवा छल,

जनकपुरधामक वर्तमान युवा जे मोबाइल, इन्टरनेट, सामाजिक सञ्जाल आ कृत्रिम बुद्धिमत्ताक युगमे पलि रहल अछि, से निश्चित रूपसँ पहिल आधुनिक युवा नैइ अछि । किछु दशक पहिने जे युवा एहि शहरक पोखरिक डिल पर बैसि समाजक भविष्य पर बहस करैत छल, जे मैथिली भाषा आ संस्कृतिक लेल संघर्ष करैत छल, जे शिक्षा आ रोजगारक लेल राजधानी दिस जाइत छल ओहो अपन समयक 'युवा पीढ़ी' छल। अन्तर केवल एतबे अछि जे माध्यम बदलि गेल अछि, जेनाकी :

क) पहिने चौक छल, आइ सामाजिक सञ्जाल अछि,
ख) पहिने पत्र-पत्रिका छल, आइ डिजिटल प्लेटफॉर्म अछि,
ग) पहिने सार्वजनिक सभा छल, आइ भर्चुअल बहस अछि,

मुदा प्रश्न तऽ उहे अछि जे –
युवा अपन समाज लेल की कऽ रहल अछि ?

२. जनकपुरक युवा आ शहरक वास्तविक प्रश्नः

यदि 'जेन-जी'क नाम पर सचमुच जनकपुरधामक युवा पीढ़ीसँ जुड़बाक इच्छा अछि तँ चर्चा केवल ट्रेन्डिंग विषयसभ पर किएक ?

क) जनकपुरक पोखरी अतिक्रमणसँ मुक्त होय,
ख) ऐतिहासिक धरोहर संरक्षित होय,
ग) जानकी मन्दिर क्षेत्रक गरिमा कायम रहय,
घ) मैथिली भाषाकेँ शिक्षा आ प्रशासनमे सम्मान भेटय,
ङ) युवाकेँ स्थानीय रोजगार भेटय,
च) जनकपुर विमानस्थल आधुनिक बनय,
छ) सहर स्वच्छ बनय,
ज) सार्वजनिक सम्पत्तिक संरक्षण होय,
झ) गुठी सम्पत्तिक दुरुपयोग रुकय,

की यी सभ 'जेन-जी'क मुद्दा नैइ अछि ? यदि युवा पीढ़ीकेँ केवल राजनीतिक भीड़, डिजिटल प्रचारकर्मी वा चुनावी स्वयंसेवक बनाबऽ चाहैत छी तँ 'जेन-जी' शब्द खूब उपयोगी अछि । मुदा यदि सचमुच युवा निर्माण करबाक अछि तँ प्रश्न बहुत गम्भीर अछि ।

३. 'कनेक्ट' नैइ, 'कम्पिटेन्ट' बनाउः

आजुक राजनीतिक भाषामे 'युवासँ कनेक्ट करब' बड़ लोकप्रिय शब्द अछि। मुदा जनकपुरधामकेँ एहन नेतृत्व चाही जे पूछय–

क) हम युवाकेँ कतबा सक्षम बना रहल छी ?
ख) की ओकरा गुणवत्तापूर्ण शिक्षा भेटि रहल अछि ?
ग) की ओकरा स्थानीय स्तर पर रोजगारक अवसर भेटि रहल अछि ?
घ) की ओकरा उद्यमिता, प्रविधि आ अनुसन्धानक अवसर भेटि रहल अछि ?
ङ) की ओकरा अपन भाषा-संस्कृति पर गर्व करबाक वातावरण अछि ?
च) की ओकरा नागरिक अधिकारक संग नागरिक कर्तव्य सेहो सिखाओल जा रहल अछि ?

यी प्रश्नक उत्तर बिना 'जेन-जी'क हजार नारा सेहो खोखला अछि ।

४. आब युवाक अपन दस-बुँदे कार्ययोजना : केवल सरकार, राजनीतिक दल वा सामाजिक संस्थाकेँ दोष देलासँ परिवर्तन नैइ होयत। यदि नवपीढ़ीकेँ सचमुच अपन भविष्य आ अपन समाजक जिम्मेदारी लेबाक अछि तँ ओकरा अपन स्तर पर किछु स्पष्ट संकल्प करऽ पड़त, जेनाकी :

क) प्रत्येक युवा वर्षमे कम-से-कम एकटा उपयोगी कौशल सीखय,

डिग्रीक संग कौशल आवश्यक अछि। डिजिटल तकनीक, भाषा, लेखन, लेखांकन, कृषि, पर्यटन, उद्यमिता, कृत्रिम बुद्धिमत्ता, डिजाइन वा कोनो व्यावसायिक कौशल जेहन प्रत्येक युवा अपन रुचिक अनुसार कम-से-कम एकटा उपयोगी कौशल विकसित करय । लक्ष्यः 'नौकरी खोजऽवला'सँ 'काम करऽ आ काम देऽ सकऽवला' युवा बनब ।

ख) सप्ताहमे एक दिन समाजक लेल, युवा सप्ताहमे कम-से-कम किछु समय अपन समुदाय लेल दे ।

टोलक सफाइ, रक्तदान, पुस्तकालय, वृक्षारोपण, वृद्धक सहायता, गरीब विद्यार्थीक पढ़ाइ वा सार्वजनिक सम्पत्तिक संरक्षण–कार्य छोट हो, मुदा निरन्तर होय ।

सेल्फीसँ सेवा धरि–यात्रा शुरू करबाक अछि ।

ग) मैथिली भाषा आ मिथिला संस्कृतिसँ सक्रिय रूपसँ जुड़ू

घरमे मैथिली बाजू । मैथिलीमे पढ़ू-लिखू । स्थानीय साहित्यकारकेँ पढ़ू । लोकगीत, लोककला, पर्व-परम्परा आ इतिहासकेँ बुझू । आधुनिक भाषा सीखब जरूरी अछि, मुदा अपन मातृभाषाकेँ हीन बुझब आत्महीनता अछि। विश्वनागरिक बनू, मुदा अपन जड़ि नैइ बिसरू ।

घ) जनकपुरधाम'क इतिहास आ धरोहरक संरक्षक बनू,

जानकी मन्दिर, पोखरी, कुटी, मठ, धर्मशाला, गुठी सम्पत्ति आ अन्य सांस्कृतिक धरोहर केवल सरकारक जिम्मेदारी नैइ अछि । युवा अपन शहरक कम-से-कम दसटा महत्वपूर्ण ऐतिहासिक स्थल, ओकर इतिहास आ वर्तमान अवस्थाक अध्ययन करय । जे अपन इतिहास नैइ जानैत अछि, से अपन भविष्यक दिशा कोना तय करत ?

ङ) राजनीतिक दलक समर्थक नैइ, सचेत नागरिक बनू,

कोनो दलसँ जुड़ब अपराध नैइ; मुदा आँखि बन्द कऽ कऽ समर्थक बनब खतरनाक अछि। जनप्रतिनिधिसँ प्रश्न करू। बजट बुझू। विकास योजनाक जानकारी लिअ। सार्वजनिक खर्च पर निगरानी राखू। गलत होय तँ अपन दलक विरुद्ध सेहो आवाज उठाबऽक साहस राखू ।

दलसँ पहिने समाज, समाजसँ पहिने राष्ट्र ।

च) सामाजिक सञ्जालकेँ मनोरञ्जनसँ ज्ञानक माध्यम बनाउ,

दिनमे कतेक घण्टा मोबाइल चलैत अछी, यी प्रश्न कम महत्वपूर्ण अछि; मोबाइल पर की देखैत छी ? यी बेसी महत्वपूर्ण अछि । अफवाह, घृणा, अपमान आ निरर्थक विवादक स्थान पर ज्ञान, अनुसन्धान, स्थानीय सूचना, रोजगार, उद्यमिता आ रचनात्मक सामग्री साझा करू । फेक न्यूज साझा करब डिजिटल स्वतन्त्रता नैइ, सामाजिक गैरजिम्मेदारी अछि ।

छ) स्थानीय अर्थव्यवस्थामे योगदान दिअ, जनकपुरक युवा केवल बाहर रोजगार खोजऽ नैइ जाय; जे सम्भव होय, स्थानीय अवसर सेहो पैदा करय। पर्यटन, मिथिला कला, हस्तकला, खाद्य-व्यवसाय, कृषि, डिजिटल सेवा, होमस्टे, सांस्कृतिक कार्यक्रम, स्थानीय उत्पादन आ स्टार्टअप– अनेक सम्भावना अछि ।

मिथिलाक समस्या केवल बेरोजगारी नैइ; स्थानीय सम्भावनाकेँ आर्थिक अवसरमे बदलबाक कमी सेहो अछि । ज) परिवारकेँ 'पुरान विचार' कहि खारिज नैइ करू, पीढ़ीगत अन्तर स्वाभाविक अछि। मुदा आधुनिक बनबाक अर्थ परिवार, बुजुर्ग आ सामाजिक सम्बन्धसँ विमुख भऽ जाएब नैइ । युवाकेँ अपन अभिभावक आ बुजुर्गक अनुभव सुनबाक चाही आ बुजुर्गसभकेँ सेहो युवाक नूतन सोचकेँ बुझबाक प्रयास करबाक चाही । पीढ़ीक बीच संघर्ष नैइ, संवाद चाही ।




झ) स्वास्थ्य, अनुशासन आ चरित्रकेँ प्राथमिकता दिअ,

राष्ट्र निर्माण केवल भाषणसँ नैइ होइत अछि । स्वस्थ शरीर, मानसिक सन्तुलन, समयक मूल्य, नशामुक्त जीवन, श्रमक सम्मान आ व्यक्तिगत ईमानदारी यी सभ युवा निर्माणक आधार अछि । चरित्रहीन प्रतिभा समाज लेल वरदानसँ बेसी खतरा बनि सकैत अछि । ञ) पाँच वर्षक व्यक्तिगत आ सामाजिक लक्ष्य तय करू,

प्रत्येक युवा अपना लेल लिखित पाँच-वर्षीय योजना बनाउ–

* की सीखब ?
* कोन क्षेत्रमा काम करब ?
* कतबा आमदनीक लक्ष्य अछि ?
* समाज लेल की योगदान देब ?
* मैथिली आ मिथिलाक लेल की करब ?
* अपना शहर लेल कोन स्थायी काम करब ?
* आ प्रत्येक वर्षक अन्तमे अपन प्रगतिक समीक्षा करू ।

जकरा अपन जीवनक दिशा ज्ञात नैइ, ओकरा दोसर लोकक राजनीतिक नारासभ सहजहि अपन दिशामे लऽ जा सकैत अछि ।

५. अन्तिम बात : 'जेन-जी' नैइ, 'जिम्मेवार पीढ़ी',

जनकपुरधामक युवाकेँ 'जेन-जी' कहि पुकारब अपनेमे कोनो उपलब्धि नैइ अछि। नाम बदललासँ पीढ़ीक भविष्य नैइ बदलत । भविष्य तखन बदलत जखन युवा–

क) कौशल सीखत,
ख) काम करत,
ग) समाजमे योगदान देत,
घ) अपन भाषा बचाओत,
ङ) अपन इतिहास बुझत,
च) राजनीतिसँ प्रश्न करत,
छ) प्रविधिक सदुपयोग करत,
ज) परिवारसँ जुड़ल रहत,
झ) चरित्रवान बनत,
ञ) आ अपन शहरक जिम्मेदारी उठाओत । मिथिलाक नवपीढ़ीकेँ राजनीतिक नाराक 'डेटा' नैइबनबाक अछि। ओकरा इतिहासक निर्माता बनबाक अछि । आजुक जनकपुरधामक युवा यदि अपन समयक जिम्मेदारी बुझि लेत, तँ काल्हि एहि शहरक समस्या केवल चुनावी घोषणापत्रक विषय नैइ रहत, यद्यपि समाधानक प्रक्रिया सेहो युवाक हाथमे आबि सकत । तँ आब प्रश्न यी नैइ जे–"जेन-जीसँ कोना कनेक्ट करब?" प्रश्न यी होय जे–"जनकपुर आ मिथिलाक नवपीढ़ीकेँ कोना एहन सक्षम, संस्कारित, स्वावलम्बी आ जिम्मेवार नागरिक बनाबी जे काल्हि समाजक नेतृत्व ओकरा अपन हाथमे निःसंकोच सौंपि सकय ?" किएक तँ पीढ़ी पहिल बेर युवा नैइ भऽ रहल अछि। पहिल बेर केवल हमरा सभक परीक्षा अछि–जे हम सभ अपन नवपीढ़ीकेँ नारामे बदलैत छी कि भविष्यक जिम्मेवार नागरिकमे ।

* दस बुँदाकेँ मापनीय लक्ष्य बनाउ,
* युवाक संग संस्थाक भूमिका जोड़ू,
* कार्ययोजनामे प्राथमिकता क्रम दिअ ।


## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**औरही गाउँपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**



## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।



**अनुरोधकर्ता**
**शहिदनगर नगरपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday